annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १५६, पृष्ठ ८ | काठमाडौं, बिहीबार २३ असोज २०८२ | कार्तिक कृष्णपक्ष तृतीया, नेपाल संवत् ११४२ | THURSDAY, OCTOBER 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# राजनीतिक भूमाफियाको अर्को प्रकरण कानुनी फन्दामा

बहालवाला मन्त्री, सरकारी कर्मचारी र बिचौलियाबीचको सेटिङ र घुस डिल कतिसम्म हुँदो रहेछ ? यसको दृष्टान्त हो : पोखरास्थित लिची बगानको जग्गा प्रकरण। घुस लेनदेनको अडियो सार्वजनिक भएपछि पदबाट राजीनामा गर्न बाध्य तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तालगायत ७ जनाविरुद्ध भ्रष्टाचारको अभियोग छ। सत्ता र शक्तिको दुरुपयोग गरेर दुई योजनामा घुस डिल गर्ने दुई मन्त्रीसहित कर्मचारी र बिचौलियाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार मुद्दा दायर गरेको छ।

समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*
**कृष्णमणि बराल** | *पोखरा*
**– को रिपोर्ट**




## राजदूतहरूलाई प्रधानमन्त्रीको जानकारी



**राधा खनाल** | *काठमाडौं*

प्रधानमन्त्री सुशीला कार्कीले जेन-जी आन्दोलनपछि नेपालमा भएको परिवर्तनबारे सम्बन्धित मुलुकमा सकारात्मक ढंगले जानकारी गराउन विदेशस्थित सबै नियोग प्रमुखहरूलाई निर्देशन दिएकी छन्।

बुधबार परराष्ट्र मन्त्रालयबाट विभिन्न देशमा रहेका नेपाली राजदूत तथा नियोग प्रमुखहरूसँग भर्चुअल छलफल गर्दै प्रधानमन्त्री कार्कीले नेपालमा भएको परिवर्तनबारे सम्बन्धित मुलुक र सरोकारवालाहरूलाई जानकारी गराउन निर्देशन दिएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले जानकारी दिए। त्यस्तै, प्रधानमन्त्री कार्कीले निर्वाचनको मिति तय भएको अवस्थामा विदेशी सरकार, संस्थाको सहयोग आवश्यक पर्ने भएकाले समन्वय गर्न पनि निर्देशन दिइन्। कार्कीले सरकारको प्रमुख प्राथमिकता निर्वाचन भए पनि देशमा सुशासन स्थापना गर्ने कार्यमा उच्चतम मानक स्थापना गर्ने गरी काम गर्न आफू प्रतिबद्ध रहेको उल्लेख गरेकी छन्।

उनले जेन-जी आन्दोलनका कारण सुस्ताएको पर्यटनलगायत क्षेत्रको अवस्था पुरानै अवस्थामा आएकाले यसको प्रचार-प्रसार गर्न पनि आग्रह गरेकी थिइन्। आन्दोलनपश्चात् नेपालको पर्यटन क्षेत्रमा असर परेको स्वीकार गर्दै प्रधानमन्त्री कार्कीले पर्यटनको उच्च सिजनको महिना अक्टोबरमा पूरा क्षमताको ७० प्रतिशतको हाराहारी हुनुपर्ने होटल बुकिङ हाल ३० प्रतिशतको हाराहारीमा झरेको उल्लेख गरिन्। यस सम्बन्धमा हाल नेपालमा परिस्थिति सामान्य भइसकेको र पर्यटन, व्यापार, लगानीलगायत आर्थिक गतिविधिहरू पूर्ववत् रूपमा सञ्चालनमा आइसकेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउन अत्यावश्यक रहेकाले नियोग प्रमुखहरूलाई त्यता ध्यान दिन अनुरोध गरेकी छन्।

आन्दोलनका समयमा समेत सबै संयमित भएर विदेशी पर्यटकहरूलाई सहयोग गरिएको दृष्टान्तहरूबाट असहज परिस्थितिमा पनि अतिथि देवो भव: को विशिष्ट नेपाली संस्कृति प्रदर्शन भएको विषय पनि उठाएकी थिइन्।

» बाँकी पृष्ठ ३

## वर्षापछि महामारीको जोखिम, सतर्कताको प्रयास

**तोयानाथ भट्टराई** | *इलाम*

इलामको माइजोगमाई गाउँपालिका-६ प्याङमा स्वास्थ्य समस्या भयो भने आपत्कालीन उपचारको प्रबन्ध छैन। मंगलबार दुई जना बिरामीलाई उपचारका लागि बाहिर ल्याउन सेनाको हेलिकप्टर प्रयोग गर्नुपर्‍यो। इलामसहित कोशी प्रदेशका बाढीपहिरो प्रभावित गाउँको अहिलेको अवस्था प्याङ गाउँको जस्तै हो।

'नागरिकले स्वास्थ्य सेवा लिन स्वास्थ्य केन्द्रसम्म आउने अवस्था पनि छैन', सूर्योदय नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विपुल अधिकारीले भने, 'महिला स्वास्थ्य स्वयंसेविकामार्फत नागरिकको स्वास्थ्य अवस्थाबारे जानकारी लिइरहेका छौं।'

अस्पताल र स्वास्थ्य केन्द्रहरूमा महामारी फैलिएमा आवश्यक पर्ने पर्याप्त औषधि छैन। तर, स्वास्थ्य कार्यालय, स्थानीय सरकारका स्वास्थ्य शाखा प्रमुखहरू भने 'औषधि मगाउने तयारीमा रहेको' रेडिमेट जवाफ दिइरहेका छन्।

बाढीपहिरोका कारण रुघाखोकी, ज्वरोका बिरामीसमेत गाउँमा बढिरहेका छन्। इलाम नगरपालिका–८ कि भीमा लिम्बूका अनुसार बाढी-पहिरोसँगै रुघाखोकीका बिरामी बढेका छन्। उनले भनिन्, 'बाटो भएका ठाउँमा त अस्पताल पुग्ने अवस्था होला बाटो नै नभएका गाउँका मानिसमा गम्भीर स्वास्थ्य समस्या देखिएको छ।'



**सडक नभएपछि बिरामीको उद्धारमा नेपाली सेनाको हेलिकप्टर।** ● तस्बिर स्रोत : नेपाली सेना

बाढीपहिरोले पिउने पानीका स्रोत, खोलाहरू, पाइपलाइनहरू दूषित भएका छन्। स्वास्थ्य कार्यालय इलामका प्रमुख आदित्य शाक्यले यस्तो अवस्थामा महामारी फैलन सक्ने भन्दै पूर्वतयारी गरिरहेको बताए। यस्तो अवस्थामा झाडा पखाला, हैजा, टाइफाइडलगायतका रोगहरू बढ्न सक्नेप्रति सचेत रहँदै तयारीमा लागेको इलामको देउमाई नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विष्णु भट्टराईले बताए। उक्त पालिकामा पहिरोमा परी ८ जनाको मृत्यु भएको थियो। उनले झाडापखाला, ज्वरोलगायतका औषधि स्टकमा राखेर बसेको बताए। उनले भने, 'सम्भावित महामारीबाट जोगिन हामी आवश्यक तयारीमा जुटेका छौं।'

यस्तो समयमा जमेको पानी, पोखरी र ओसिलो स्थलहरू लामखुट्टे र अन्य कीटहरूको प्रजननस्थल बन्न सक्ने भन्दै यसले डेंगु, मलेरिया र अन्य लामखुट्टेजन्य रोगहरूको संक्रमण विस्तार हुन सक्ने विज्ञको सुझाव छ। यसबाहेक छालाका रोगहरू, श्वासप्रश्वासप्रणाली सम्बन्धी रोगहरू, क्षयरोग, मानसिक स्वास्थ्य समस्याहरू देखिन सक्ने फिक्कल अस्पतालका जनस्वास्थ्य निरीक्षक फाजुङ शेर्पाले बताए। उनले अस्पतालमा अहिले दैनिक दुई सयको हाराहारीमा बिरामी आउने गरे पनि महामारीको संकेत नदेखिएको बताए। उनले कम्तीमा पनि एक हप्तापछि महामारीको सामान्य लक्षणहरू देखिन सक्ने अनुमान लगाए।

» बाँकी पृष्ठ ३

## विपद्मा मृत्यु हुनेको संख्या ५३ पुग्यो

**काठमाडौं** ( अन्नपूर्ण) : पछिल्लो अविरल वर्षा, बाढी तथा पहिरोका कारण मृत्यु हुनेको संख्या ५३ पुगेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बुधबारको तथ्यांकअनुसार पहिरोमा परी ४०, बाढीका कारण ११ र चट्याङमा परी २ गरी हालसम्म करिब ५३ जनाको मृत्यु भएको हो। असोज १७ बाट २० सम्म भएको वर्षाका कारण मनसुनजन्य विपद्मा परी ११ पुरुष, १९ महिला, ६ बालक र ९ बालिकाको मृत्यु भएको हो। पहिरोमा परी सबैभन्दा बढी इलाममा ३८ जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ। पहिरोमा नै परी पाँचथर र काभ्रेमा १/१ जनाको मृत्यु भएको छ।

बाढीमा परेर रसुवाका ४ र इलाममा १ गरी ५ जना बेपत्ता भएको प्राधिकरणले जनाएको छ। उक्त विपद्मा परी घाइते हुनेको संख्या ४७ पुगेको छ, जसमा २२ पुरुष, १५ महिला, ६ बालक र ४ बालिका छन्। पहिरोमा परी घाइते हुनेको संख्या ३३ र चट्याङमा परी घाइते हुनेको संख्या १४ छ।

पहिरोमा परी घाइते हुनेमा पनि सबैभन्दा बढी इलाममा छन् भने पाँचथरमा ३, ललितपुरमा २, धनकुटामा १ र काभ्रेमा १ छन्। यता, चट्याङमा भोजपुरमा ३, खोटाङमा ३ जना परेका छन् भने उदयपुर, मकवानपुर, ताप्लेजुङ, धनकुटा, बारा, ओखलढुंगा, सुनसरी र पाँचथरमा १/१ जना घाइते भएका छन्।

## बालिकाले लगाएको गहना काल बन्यो

**यादव आचार्य** | *गुलरिया*

विजया दशमीको भोलिपल्ट असोज १७ गते शुक्रबार दिउँसो ३ बजे आफन्तको बिहेभोजमा गएकी भारती (एन्जल) देउवा कहिल्यै नफर्किने गरी सदाका लागि अस्ताइन्। १० वर्षीया बालिका देउवा बर्दिया गेरुवा गाउँपालिका-५ झबहीकी बासिन्दा हुन्। नीलो जिन्स पाइन्ट, सेतो-कालो रङको टिसर्ट, गुलाफी रङको चप्पल लगाएर पहेंलो रङको सानो साइकल चढेर गणेशपुरस्थित आफन्तकहाँ गएकी उनी बेलुकीसम्म घर नफर्किएपछि यत्रतत्र खोजी भयो। कतै पत्ता नलागेपछि बेलुकी सवा ६ बजे परिवारले खोज तलासका लागि प्रहरीमा मौखिक जानकारी गराए।

यसको लगत्तै इलाका प्रहरी कार्यालय राजापुरका प्रमुखको कमाण्डमा खोजी कार्य शुरु गरिएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायव उपरीक्षक देवेन्दकुमार मल्लले बताए। अर्को दिन शनिबार दिउँसो २ बजे मूलपानीस्थित बूढी खोला आसपासमा उनको साइकल फेला पर्‍यो।

उनले भने, 'खोजी गर्दै जाँदा आइतबार दिउँसो पौने ३ बजे घरदेखि २ किलोमिटर उत्तरतर्फ वडा नम्बर ३ गणेशपुर स्थित बूढीखोला किनारमा बालिकाको शव फेला पर्‍यो।' घटनास्थल इलाका प्रहरी कार्यालय पाताभार बर्दियादेखि २ किलोमिटर दक्षिण पूर्वमा पर्छ। उनले थपे, 'घटनाको सूक्ष्म अध्ययन हुँदैछ।' बालिकाको सबै कपडा फुकालिएको, घोप्टो शरीरमाथि बालुवा खोस्रेर माथिबाट पुरिएको पूर्ण नग्न अवस्थामा शव फेला परेको खोजतलास कार्य एवं घटना अनुसन्धानमा कमाण्ड गरिरहेका इलाका प्रहरी कार्यालय राजापुरका प्रहरी नायव उपरीक्षक कबिन्द्र सिंह बोहोराले जानकारी दिए।



**बालिका हत्या आरोपमा प्रहरी नियन्त्रणमा लिइएका तिरुवा।** ● यादव आचार्य

» बाँकी पृष्ठ ३

## बालिकामाथि सामूहिक बलात्कार, ३ अभियुक्त पक्राउ

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

सुनसरीको बर्जु गाउँपालिका-६ चन्दामोहन बाँधनजिक १३ वर्षीया बालिका सामूहिक बलात्कारको शिकार भएकी छिन्। गत असोज १६ गते बिजया दशमीको दिन बर्जु-६ मै लागेको मेला घुम्न गएकी ती बालिकालाई ४/५ जनाको समूहले नियन्त्रणमा लिएर जबर्जस्ती करणी गरेको प्रहरीले बताएको छ।

घटनापछि ती अभियुक्तहरू फरार रहेका थिए। बालिकालाई स्थानीयले अचेत अवस्थामा फेला पारी प्रहरीलाई खबर गरेका थिए। घटनाको सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय चिमडी र दुहबीबाट प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो।

इलाका प्रहरी कार्यालय दुहबीका प्रमुख प्रहरी निरीक्षक सागर तिमिल्सिनाको कमाण्डमा गएको टोलीले पीडित बालिकालाई उद्धार गरी उपचारका लागि तत्काल विराटनगरस्थित नोबेल अस्पताल पठाएको थियो। पछि थप उपचारका लागि उनलाई कोशी अस्पताल विराटनगर लगिएको छ। अस्पतालका चिकित्सकका अनुसार पीडित बोल्न सक्ने अवस्थामा छन् र उनको स्वास्थ्यमा क्रमिक रूपले सुधार हुँदै गएको छ।

घटनाको गम्भीरता बुझ्दै प्रहरीले स्थानीय प्रत्यक्षदर्शीको बयान, घटनास्थलमा फेला परेका प्रमाण र टेक्निकल एनालाइसिसका आधारमा विशेष अपरेसन सञ्चालन गरी घटनामा संलग्न अभियुक्त मध्यका तीन जनालाई पक्राउ गरेको प्रहरी निरीक्षक तिम्सिनाले जानकारी दिएका छन्। उनले घटनाका अन्य अभियुक्तको खोजी तीव्र पारिएको बताए।

» बाँकी पृष्ठ ३